# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, चैत १७ गते, २०७६ साल (संख्या ५१

## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले विक्रम संवत् २०७७ साल वैशाख १ गतेदेखि २०७७ साल चैत मसान्तसम्म एक वर्ष भरिमा सबै सरकारी कार्यालयहरुको लागि देहाय बमोजिमको सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छः-

१. <u>वर्षभरिका शनिबार बिदाः</u>

| | | | |
|---|---|---|---|
| (क) | वैशाख - ६,१३,२०,२७ | (छ) | कात्तिक - १,८,१५,२२,२९ |
| (ख) | जेठ - ३,१०,१७,२४,३१ | (ज) | मङ्सिर - ६,१३,२०,२७ |

| | | | |
|---|---|---|---|
| (ग) | असार - ६,१३,२०,२७ | (झ) | पुष - ४,११,१८,२५ |
| (घ) | साउन - ३,१०,१७,२४,३१ | (ञ) | माघ - ३,१०,१७,२४ |
| (ङ) | भदौ - ६,१३,२०,२७ | (ट) | फागुन - १,८,१५,२२,२९ |
| (च) | असोज - ३,१०,१७,२४ | (ठ) | चैत - ७,१४,२१,२८ |

२. <u>पर्व बिदाहरु:</u>

२.१ मुलुक भरी सार्वजनिक बिदा हुने पर्वहरु:

(क) नव वर्ष, वैशाख १ गते सोमबार।

(ख) महाशिवरात्री, फागुन २७ गते बिहीबार।

(ग) फागुपूर्णिमा, हिमाली र पहाडी जिल्ला लगायतका ५६ जिल्लामा चैत १५ गते आइतबार र देहायका जिल्लामा चैत १६ गते सोमबार:-

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | झापा | ७. | धनुषा | १३. | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | १९. | बर्दिया |
| २. | मोरङ्ग | ८. | महोत्तरी | १४. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | २०. | कैलाली |
| ३. | सुनसरी | ९. | सर्लाही | १५. | रुपन्देही | २१. | कञ्चनपुर |
| ४. | सप्तरी | १०. | रौतहट | १६. | कपिलवस्तु | | |
| ५. | सिराहा | ११. | बारा | १७. | दाङ | | |
| ६. | उदयपुर | १२. | पर्सा | १८. | बाँके | | |

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र सार्वजनिक बिदा हुने पर्वहरुः-

(क) किराँत, राई, याख्या, सुनुवार, लिम्बु जातिको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बैशाख २५ गते बिहीबार।

(ख) गौरा पर्व, भदौ १० गते बुधबार।

(ग) इस्लाम धर्मावलम्बीहरुको पर्व, ईद (इदुल फित्र) का दिन।

(घ) छठ पर्व, मङ्सिर ५ गते शुक्रबार।

(ङ) इस्लाम धर्मावलम्बीहरुको पर्व, बकर ईद (इदुल जोहा) का दिन।

(च) इसाई धर्मावलम्बीहरुको पर्व, क्रिसमस डे, (डिसेम्बर २५) पुष १० गते शुक्रबार ।

(छ) किराँत जातिको उधौली पर्व, योमरी पुन्हि-ज्यापु दिवस (धान्य पूर्णिमा), तमू ल्होसार, पुष १५ गते बुधबार।

(ज) माघे सक्रान्ति एवं माघी पर्व (थारु/मगर/छन्त्याल जातिको राष्ट्रिय पर्व), माघ १ गते बिहीबार।

(झ) सोनम ल्होसार, माघ ३० गते शुक्रबार।

(ञ) हिमाली आदिवासी शेर्पाहरुले मनाउने ग्याल्पो ल्होसार, चैत १ गते आइतबार।

(ट) सिरुवा पावनी पर्वका दिन सो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिराहा र सप्तरी जिल्लामा।

(ठ) धवथाम्बु छेउचिक पर्वका दिन सम्बन्धित जिल्लाहरुमा ।

३. <u>महिला कर्मचारीहरुको लागि मात्रः</u>

(क) हरितालिका (तीज), भदौ ५ गते शुक्रबार।

(ख) जितिया पर्व, भदौ २५ गते बिहीबार (जितिया पर्व मनाउने महिला कर्मचारीहरुको लागि) ।

४. <u>शिक्षण संस्थाहरुको लागि मात्रः</u>

बसन्त पञ्चमी, फागुन ४ गते मङ्गलबार।

५. <u>जात्रा बिदा (काठमाडौं उपत्यकालाई मात्र):</u>

(क) गाईजात्रा, साउन २० गते मङ्गलबार।

(ख) इन्द्रजात्रा, भदौ १६ गते मङ्गलबार।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

(घ) घोडेजात्रा, चैत २९ गते आइतबार।

६. <u>दशैं बिदाः</u>

कात्तिक ७ गते शुक्रबारदेखि कात्तिक ११ गते बुधबारसम्म (फुलपाती देखि एकादशी सम्म) ।

७. <u>तिहार बिदाः</u>

(क) लक्ष्मी पुजा, कात्तिक २९ गते शनिबार ।

(ख) म्हपुजा, कात्तिक ३० गते आईतबार ।

(ग) गोबर्धन पूजा, भाईटीका, नेपाल संवत् प्रारम्भ, मङ्सिर १ गते सोमबार ।

८. <u>दिवस बिदा:</u>

८.१ मुलुक भरी सबैलाई हुने सार्वजनिक दिवस बिदाहरु:

(क) विश्व मजदुर दिवस (मे १) वैशाख १९ गते शुक्रबार ।

(ख) संविधान दिवस (राष्ट्रिय दिवस), असोज ३ गते शनिबार।

(ग) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८), फागुन २४ गते सोमबार।

८.२ अपाङ्गगता भएका कर्मचारीहरुको लागि मात्रः

अन्तर्राष्ट्रिय अपाङ्गता दिवस (डिसेम्बर ३), मङ्सिर १८ गते बिहीबार (नेपाल भित्रका सम्पूर्ण अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र) ।

९. <u>जन्म जयन्ती बिदा:</u>

९.१ मुलुक भरी सबैलाई हुने सार्वजनिक जयन्ती बिदा:

बुद्ध जयन्ती, वैशाख २५ गते बिहीबार।

९.२ सम्बन्धित धर्मावलम्बीहरुका लागि मात्र:

(क) फाल्गुनन्द जयन्ती, कात्तिक २५ गते मङ्गलबार (किराँत धर्मावलम्बी) ।

(ख) गुरु नानक जयन्ती, मङ्सिर १५ गते सोमबार (नेपाली सिख धर्मावलम्बी)।

१०. <u>राष्ट्रिय रुपमा मनाइने तर कार्यालय खुल्ने प्रकृतिका दिवसहरुः</u>

(क) गणतन्त्र दिवस, जेठ १५ गते बिहिबार।

(ख) जातीय भेदभाव तथा छुवाछुत उन्मुलन राष्ट्रिय दिवस, जेठ २१ गते बुधबार।

(ग) निजामती सेवा दिवस, भदौ २२ गते सोमबार।

(घ) राष्ट्रिय एकता दिवस, पुष २७ गते सोमबार।

(ङ) शहीद दिवस, माघ १६ गते शुक्रबार।

(च) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते शुक्रबार।

**११. विदेश स्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक बिदाहरूलाई समेत दृष्टिगत गरी बढीमा १८ दिनसम्म सार्वजनिक बिदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।**

१२. <u>सट्टा बिदाः</u>

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, मुद्रण विभाग, हुलाक आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक बिदाका दिनमा समेत काम काज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरी सार्वजनिक बिदाका दिन काम गरेबापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा बिदा बस्न सक्ने।

१३. <u>कार्यालय हाजिर हुने र छुट्ने समयः</u>

(क) नेपाल राज्यभरका सबै सरकारी कार्यालयहरूमा वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म हुने र कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने ।

(ख) शुक्रबारको दिन बिहान १०:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म हुने ।

<u>द्रष्टव्यः</u>

"आधा दिन" भन्नाले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म तीन महिनाको लागि दिनको १:०० बजे र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दिनको १:३० बजेसम्म सम्झनु पर्छ।

**आज्ञाले,**
**महेश्वर न्यौपाने**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–
गो.हु.द.नं. १६।२०६२।६३